**बैठक संख्याः-४९**

आज मिति २०८१ साल बैशाख २६ गते बुधबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा सम्पन्न गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. .वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | तिला |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री राधाकृष्ण खतिवडा | |

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यापालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो।

**निर्णय नं २-** बिर्तामोड नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आ.ब. ०८१/०८२ का लागि सिफारिस गरेको रु.६९,७०,४४,१५४।- बराबरको बजेट सिलिङ स्वीकृत गरी वडा तथा विषयगत समितिहरु(शाखा) को लागि प्राप्त सिलिङ तथा बजेट अनुसारको कार्यक्रम तथा योजनाहरु तोकिएको समय भित्रै तयार गरी सम्बन्धित समितिहरुमा छलफल गराई समयभित्रै पेश गर्ने निर्णय गरियो।

**निर्णय नं ३-** बिर्तामोड नगरपालिका अन्तर्गत सञ्चालित बिर्तामोड नगर अस्पतालमा दिनानुदिन बिरामीको चाप बढ्दै गईरहेकाले अस्पतालमा थप सेवा बिस्तारका लागि कार्य भईरहेको। यस सन्दर्भमा नगर अस्पतालको समग्र जिम्मेवारी तथा कार्यबोझको मूल्याङ्कन गर्दै प्रोत्साहनका लागि नगर अस्पतालका मे.सु. बिशेषज्ञ चिकित्सक श्री सुनिल अधिकारीलाई नेपाल सरकार स्वास्थ्य सेवाको नवौ तहको सुरु तलब स्केलमा १०० प्रतिशत भत्ता दिईदै आईएकोमा २०८१ बैशाख १ गतेबाट लागुहुने गरी थप १०० प्रतिशत बृद्धि गरी २०० प्रतिशत भत्ता कायम गर्ने तथा अन्य सेवासुविधा साबिक बमोजिम नै उपलब्ध गराउने साथै मेडिकल अधिकृत लगायत अन्य स्वास्थ्यकर्मीहरुको हकमा २४ घण्टे इमरजेन्सी सेवा सहित नगर अस्पतालको सेवा Full Phase मा बिस्तार भएपछि नगर अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवासुविधा सम्बन्धी प्रस्तावित कार्यविधिमा थप छलफल गरी सेवा सुविधा थप गर्दै लैजाने निर्णय गरियो।

**निर्णय नं ४-** बिर्तामोड नगरपालिकासँग सम्झौता भई बिर्तामोड नगरपालिका क्षेत्रभित्र उत्सर्जन हुने फोहोरमैला संकलन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्दै आईरहेको निराकार सरसफाई सेवा प्रा.लि. कागेश्वरी मनोहरा न.पा. ८ काठमाडौसँग मिति २०७८।०१।१५ मा भएको सम्झौताको बुदा नं ५ विविध(५.१) बमोजिम २०८१।०१।१५ मा ३ वर्षको अवधि पूरा भएकाले मिति २०८१।०१।१६ गतेबाट लागु हुने गरी सम्झौताको समयावधि २ वर्ष थप गर्ने निर्णय गरियो। साथै उक्त सरसफाई सेवा प्रा.लि.को कार्य सम्पादन चुस्तदुरुस्त हुन नसकेमा कार्यपालिकाले जुनसुकै बेला रद्द गर्न सक्नेछ।

**निर्णय नं ५-** यस नगरपालिकाको विद्ययेक समितिबाट छलफल भई आएको **टेकबहादुर गिरी बसपार्क सञ्चालन तथा बजार व्यवस्थापन कार्यविधि २०८१** पारित गर्ने निर्णय गरियो।

**निर्णय नं ६-** बिर्तामोड नगरपालिकाको चालु आ.ब. ०८१/८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत नगस्तरीय योजनाको शीर्षक नं ४० बिर्तामोड नगरपालिका वडा नं ६ मा बासुदेव बरालको घर पश्चिम कल्भर्ट निर्माण गर्नका लागि भएको रकम रु. ८,००,०००।- बिनियोजन भएकोमा विविध कारणबाट उक्त स्थानमा कल्भर्ट निर्माण हुन नसकेकाले उक्त शीर्षकमा बिनियोजित बजेट बिर्तामोड नगरपालिका वडा नं ६ मा पर्ने तक्षशिला रोड नं १ मा प्लम तथा पेवर्स जडान गर्नका लागि रकमान्तर गर्ने निर्णय गरियो । साथै वडा नं ६ मा पर्ने अस्थायी प्रहरी चौकी बुट्टाबारी घेराबारा गर्नका लागि रु.५,६८,०००।- बिनियोजन भएकोमा प्रहरी चौकी मर्मत समेत गर्नुपर्ने भएकाले उक्त शीर्षक परिवर्तन गरी बुट्टाबारीअस्थाई प्रहरी चौकी घेराबारा तथा मर्मत सम्भार शीर्षक कायम गर्ने निर्णय गरियो।

**निर्णय नं -७** बिर्तामोड नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, नगर प्रमुख, नगर उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, न्यायिक समिति, सम्पूर्ण शाखा तथा शाखा प्रमुख, १० वटै कार्यालय, वडा अध्यक्ष, वडा सचिव समेत विपक्षी भई पर्न आउने मुद्दाका सम्बन्धमा लिखित जवाफ पेश गर्न, वारेस मुकरर गर्न कानून व्यवसायी नियुक्त गर्ने सम्पूर्ण कार्यका लागि बिर्तामोड नगरपालिका न्यायिक समितिमा कार्यरत उजुरी प्रशासक श्री टीकामाया लामिछानेलाई दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ८ (विविध)**

क) बिर्तामोड नगरपालिका वडा नं १० स्थित पथ्थरभिट्टा टोलमा बाटो बिस्तारका क्रममा सारिएको ट्रान्सफर्मरको सम्बन्धमा छलफल हुँदा उक्त जग्गा व्यक्तिको निजी जग्गा नभई सार्वजनिक जग्गा भएको साथै उक्त ट्रान्सफर्मरबाट व्यक्तिको निजी घरमा कुनै हानी नोक्सानी हुने नदेखिएकाले सोही स्थानमा राख्ने निर्णय गरियो।

ख) राष्ट्रिय अभियानको रुपमा सञ्चालित हात्तीपाईले रोग बिरुद्ध औषधी सेवन कार्यक्रममा बिर्तामोड नगरपालिकामा आ.ब. ०८०/८१ मा १२०३५५ जनालाई हात्तीपाईले रोग बिरुद्ध औषधी सेवन गराउने लक्ष्य रहेकोमा ब्यापक प्रचार प्रसार तथा घरभेट कार्यक्रम मार्फत् लक्ष्य भन्दा धेरै जनसंख्यालाई औषधी सेवन गराई शतप्रतिशत भन्दा माथि लक्ष्य प्राप्त गर्न सफल भएकोमा यो अभियानमा खटिने स्वास्थ्यकर्मी लगायत सम्पूर्णलाई धन्यवाद प्रदान गरियो।

ग) स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको तहबृद्धि सम्बन्धी कार्यलाई व्यवस्थित र पारदर्शी ढंगले कार्यान्वयन गर्न कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी लोक सेवा आयोग कोशी प्रदेशको मिति २०८१।०१।१३ को पत्रानुसार प्राप्त परामर्श बमोजिम तर्जुमा गरिएको बिर्तामोड नगरपालिकाको तहबृद्धि सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णय गरियो। साथै तहबृद्धि सम्बन्धी कार्यविधि २०८१ को दफा ६ अनुसार कर्मचारीहको तहबृद्धि गर्ने प्रयोजनका लागि तपशिल बमोजिमको सिफारिस समिति गठन गर्ने निर्णय गरियो।

**तपशिल**

अध्यक्ष- प्रमुख प्रशासकीय अधिकृत

सदस्य- उप सचिव (अधिकृतस्तर दशौँ) श्री तिलचन भण्डारी

सदस्य- नर्सिङ अधिकृत (अधिकृतस्तर सातौ) श्री संगिता अधिकारी

CamScanner